# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुर्सेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- २०८२/०८३
चलानी नं :-

मिति :- २०८२/०५/०३

**कृषिमा रुपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग परियोजना (VANOO), कार्यक्रम संचालन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित सूचना मिति: २०८२/०५/०३

प्रस्तुत विषयमा यस भानु नगरपालिकाको आ.व. २०८२/०८३ को कृषिमा रुपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग परीयोजना (VANOO PROJECT) कार्यान्वयन गर्नु पर्ने भएकोले यस परियोजनामा सहभागी हुन भानु नगरपालिकाको कृषिमा रुपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग परीयोजनाको संचालन तथा व्यवस्थापन कार्यविधी २०८२ को अनुसूची-२ बमोजिमका मापदण्ड पूरा गरेका ईच्छुक कृषक समूह/ सहकारी/ कृषि फर्म/ कम्पनीहरुले यो दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित तोकिए बमोजिम आवश्यक प्रक्रिया पूरा गरी रीत पूर्वक नगरपालिका वा शाखामा आवेदन पेश गरी दर्ता गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:-

| क्र.सं. | वाली | पकेटको हकमा (क्षेत्रफल) | कैफियत |
|---|---|---|---|
| १. | तोरी | कम्तिमा २०० रोपनी | कार्यविधि अनुसार हुनेछ। |
| २. | साग | कम्तिमा ३० रोपनी | कार्यविधि अनुसार हुनेछ। |
| ३. | निबुवा | कम्तिमा ५० रोपनी | कार्यविधि अनुसार हुनेछ। |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण:**

(क) अनुसूची २ र ३ बमोजिमको फाराम,
(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(ग) सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रवन्धपत्रको प्रतिलिपि,
(घ) कार्यक्रममा सहभागी हुने घरधूरीहरुको एकिन गर्ने सम्बन्धी अनुसूची ४ बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,
(ङ) कार्यक्रममा सहभागी हुने घरधूरीहरुले कलष्टरमा वाली/ बगैंचा स्थापना गर्न सहमत भएको अनुसूची ५ बमोजिमको सहमती पत्र,
(च) स्थायी लेखा नम्बर तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(छ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा ५ वर्ष अवधिको),
(ज) अनुसूची ६ बमोजिमको निर्णय
(झ) अनुसूची ७ बमोजिमको स्वघोषणा,
(ञ) अनुसूची ८ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची ९ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,
(ट) वडाको सिफारीस (आवेदनको लागी)
(ठ) अन्य कागजातहरु

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

नोट:- आवश्यक जानकारीको लागि कृषि विकास शाखा, विनोद थापा, कृषि अधिकृत (सातौं) ९८४५१७८९२५ मा सम्पर्क गर्नु होला ।